सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ र सूचनाको

हकसम्बन्धी नियमावली २०६५ को नियम ३

बमोजिम सार्वजनिक गरिएको विवरण

कार्तिक – पौष, २०८२ सम्म

सम्पादित क्रियाकलापहरुको विवरण

राष्ट्रिय हर्वेरियम तथा वनस्पति
प्रयोगशाला ललितपुर, नेपाल

## विषयसूची


१. कार्यालयको स्वरुप र प्रकृति

२. कार्यालयको काम कर्तव्य र अधिकार

३. कार्यालयमा रहने कर्मचारी संख्या

४. कार्यालयबाट प्रदान गरिने सेवा, सेवा प्रदान गर्ने शाखा र जिम्मेवार निकाय, नागरिक बडापत्र

५. निर्णय गर्ने प्रक्रिया र अधिकारी

६. निर्णय उपर उजुरी सुन्ने अधिकारी

७. प्रमुखको नाम र पद

८. सूचना अधिकारीको नाम र पद

९. ऐन नियम विनियम वा निर्देशिकाको सूची

१०. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

११. अघिल्लो आ. व. मा संचालित कार्यक्रमहरु

१२. कार्यालयको वेभसाइट

१३. कार्यालयले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण

१४. कार्यालयले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन

१५. कार्यालयमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर दिइएको विवरण

१६. सूचना प्रकाशन

१७. संगठन संरचना

## १. कार्यालयको स्वरुप र प्रकृति

राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला काठमाडौं उपत्यकाको दक्षिण पूर्वी भू-भाग फुल्चोकी पहाडको काख गोदावरीमा अवस्थित छ। गोदावरी आउने प्रवेशद्वार सातदोबाटोबाट यो कार्यालय करिब १० किलोमिटरको दुरीमा रहेको छ। वोटानिकल सर्भे तथा हर्वेरियमको नामबाट वनस्पति विभाग अन्तर्गत सन् १९६१ मा स्थापना भई संगठनात्मक स्वरुप बदलिँदा सन् १९८९ मा राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला नामकरण हुन गएको हो। यो प्रयोगशाला वन तथा वातावरण मन्त्रालय, वनस्पति विभाग अन्तगवतको केन्द्रिय कायावलय हो। यो संस्था अन्तराष्ट्रिय स्तरमा KATH हर्वेरियमको नामले चिनिन्छ। वानस्पतिक स्रोतको सर्वेक्षण, हर्वेरियम नमुना संकलन तथा पहिचान गरी नेपालमा रहेका सम्पूर्ण वनस्पति प्रजातिहरुको अभिलेखीकरण तथा तथ्याङ्क अध्यावधिक गने प्रमुख उद्देश्यका साथ यसको स्थापना भएको हो। फूल फुल्ने तथा फूल नफुल्ने समेत गरी करिव १,७०,००० हर्वेरियमका नमुनाहरु यहाँ संरक्षण गरी राखिएका छन्। यस कायावलयबाट प्राप्त सूचनाको आधारमा वानस्पतिक स्रोतको समुचित उपयोग, व्यवस्थापन तथा संरक्षण गर्न मद्दत पुग्दछ। यस संस्थाको उद्देश्य प्राप्तिका लागि विभिन्न ८ वटा प्राविधिक र १ प्रशासनिक शाखा रहेको छ।

## २. कार्यालयको काम, कर्तव्य र अधिकार

- नेपालमा पाईने सम्पूर्ण वनस्पति प्रजातिहरु (फूलफुल्ने, कोणधारी, फूल नफुल्ने) को सर्भेक्षण तथा नमुनाहरु संकलन गरी राष्ट्रिय हर्वेरियममा वैज्ञानिक व्यवस्थापनका साथ संरक्षण गर्ने।
- नेपालका विभिन्न स्थानहरुबाट संकलित हर्वेरियम नमुनाहरुको वैज्ञानिक पहिचान गरी अभिलेखिकरण गर्ने।
- नेपालका फूल फुल्ने (Angiosperms), कोणधारी (Gymnosperms) तथा फूल नफुल्ने (Algae, Fungi, Lichens, Bryophytes and Pteridophytes) वनस्पति प्रजातिहरु समावेश बृहत नेपाल फ्लोरा प्रकाशन गर्ने।
- नेपालका वानस्पतिक सम्पदाको अध्ययन अनुसन्धान तथा दीगो सदुपयोगको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हर्वेरियमहरुसँग सहकार्य गर्ने।
- राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला (KATH) लाई अन्तर्राष्ट्रिय मापदण्डको हर्वेरियम संग्रहालयको रुपमा स्तरोन्नति गर्न Index Herbariorum का सदस्यहरुसँग सहकार्य गर्ने।
- नेपालबाट पत्ता लागेका वनस्पति प्रजातिहरुको टाइप नमूनाहरुको विस्तृत अध्ययन, अनुसन्धान तथा संरक्षण

गर्दै नविनतम नामाकरण पद्धति अनुसार Update गर्दै लैजाने।

- नेपालका Endemic, Rare, Threatened र आर्थिक महत्व भएका वनस्पति प्रजातिहरुको विस्तृत अध्ययन, अनुसन्धान गरी तथ्याङ्क अध्यावधिक गर्नुको साथै दीगो सदुपयोगको लागि सरोकारवालाहरुसँग समन्वय गर्दै कार्यान्वयनको दिशामा अगाडि बढ्ने।
- KATH हर्वेरियममा संरक्षित हर्वेरियम नमूनाहरुको डिजिटाइजेशन गरी भविष्यको लागि Data सुरक्षित राख्ने।
- Digitized हर्वेरियम नमुनाहरुलाई virtual herbarium को रुपमा online database मार्फत स्वदेशी तथा विदेशी अनुसन्धानकर्ता तथा सर्वसाधारणको पहुँचमा पुर्याउने ।
- नेपालका सम्पूर्ण रुख प्रजातिहरुको पहिचान तथा दीगो उपयोगको लागि जाइलेरियम संग्रहालय (Wood Library) को स्थापना गर्ने।
- जाइलेरियम संग्रहालयमा संरक्षित सम्पूर्ण काठका नमुनाहरुको आन्तरिक संरचनाको अध्ययन तथा काठका विशेषताहरु पहिचान गरी Identification Manual तयार गरी प्रकाशन गर्ने।
- नेपालका वनस्पति प्रजातिको कोषिय संरचना तथा क्रोमोजोमहरुको अध्ययन अनुसन्धान गरी Chromosome Atlas तयार गर्ने।
- वनस्पति प्रजाति बीचमा पारिस्थितिकीय प्रणालीहरुको अध्ययन गरी प्रजातिहरू बीचको सम्बन्ध तथा फरक फरक किसिमको जलवायु र भू-धरातलले प्रजातिहरुको उपस्थिति तथा बनावटमा पार्ने प्रभावहरुको अध्ययन गर्ने।
- वातावरणमा आएको ह्रास, जैविक तथा मानवीय क्रियाकलापहरुले वनस्पति प्रजातिहरुमा हुने विभिन्न किसिमका संक्रमण, असर तथा प्रकोपहरुको पहिचान गरी रोग निदान तथा संरक्षणका उपायहरु पत्ता लगाउने।
- हर्वेरियम तथा काठका नमुनाहरुको अध्ययन, पहिचान तथा दीगो उपयोगको बारेमा सर्व साधारण, विद्यार्थी, अनुसन्धानकर्ता, व्यापारी, व्यवस्थापक तथा नीति-निर्माताहरुलाई परामर्श सेवा प्रदान गर्ने।

## ३. कार्यालयमा रहने कर्मचारी संख्या

| सि.नं. | शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| १. | कार्यालय प्रमुख | श्री ज्वाला श्रेष्ठ | वरिष्ठ अनुसन्धान अधिकृत | |
| २. | प्रशासन शाखा | नविन कुमार थापा | शाखा अधिकृत | |
| | | ज्योती लाल आचार्य | लेखापाल | |
| | | श्री मदन राज अवस्थी | प्लम्वर | |
| ३. | फिनेरोगेम्स शाखा | श्री रिता क्षेत्री | अनुसन्धान अधिकृत | |
| | | डा. तिर्थ राज पाण्डेय | अनुसन्धान अधिकृत | |
| | | श्री तिल कुमारी थापा | अनुसन्धान अधिकृत | |
| | | श्री दिवाकर दवाडी | सुपरभाइजर | |
| | | श्री रविन्द्र मगर | असिष्टेन्ट वोटानिष्ट | |
| ४. | क्रिप्टोगेम्स (एल्गी, फन्जाइ र लाइकेन) शाखा | श्री जिवन पाण्डे | अनुसन्धान अधिकृत | |
| | | श्री सजिता ढकाल | अनुसन्धान अधिकृत | |
| ५. | क्रिप्टोगेम्स (ब्रायोफाइटा र टेरिडोफाइटा) शाखा | श्री धन राज कंडेल | अनुसन्धान अधिकृत | |
| ६. | डिजिटाइिशन तथा पब्लिसिटी शाखा | श्री यज्ञ राज पनेरु | अनुसन्धान अधिकृत | |
| ७. | जाइलेरियम शाखा | श्री प्रतिक्षा चालिसे | अनुसन्धान अधिकृत | |
| ८. | प्लान्ट इकोलोजी शाखा | श्री अमृत के.सी. | अनुसन्धान अधिकृत | |
| ९. | साइटोलोजी शाखा | | अनुसन्धान अधिकृत | रिक्त |
| १०. | प्लान्ट प्रोटेक्सन शाखा | श्री लिलाराम थारु | अनुसन्धान अधिकृत | |
| | | श्री सिर्जना थापा सोमै | हे.फि.अ. | |

**४. कार्यालयबाट प्रदान गरिने सेवा (नागरिक बडापत्र)**

# नागरिक वडापत्र

| सि.नं. | गैरकर राजश्व | इकाई | दररेट |
|---|---|---|---|
| १. | **हर्वेरियम पहिचान** | | |
| | **(क) विद्यार्थीहरुको लागि** | | |
| | स्पेसिज | गोटा | १५।०० |
| | जिनस | गोटा | १०।०० |
| | फेमिली | गोटा | ५।०० |
| | हर्वेरियम ट्रिटमेन्ट | गोटा | ५।०० |
| | **(ख) स्वदेशी अनुसन्धानकर्ताको लागि** | | |
| | स्पेसिज | गोटा | २५।०० |
| | जिनस | गोटा | २०।०० |
| | फेमिली | गोटा | ४।०० |
| | हर्वेरियम ट्रिटमेन्ट | गोटा | ५।०० |
| | **(ग) शार्क मुलुकका अनुसन्धानकर्ताको लागि** | | |
| | स्पेसिज | गोटा | ४०।०० |
| | जिनस | गोटा | ३०।०० |
| | फेमिली | गोटा | १५।०० |
| | हर्वेरियम ट्रिटमेन्ट | गोटा | ५।०० |
| | **(घ) विदेशी अनुसन्धानकर्ताको लागि** | | |
| | स्पेसिज | गोटा | ७५।०० |
| | जिनस | गोटा | ५०।०० |
| | फेमिली | गोटा | २५।०० |
| | हर्वेरियम ट्रिटमेन्ट | गोटा | ५।०० |
| | **(ङ) सरकारी संघ संस्थाको लागि** | गोटा | ६०।०० |
| | स्पेसिज | गोटा | ४०।०० |
| | जिनस | गोटा | २०।०० |
| | फेमिली | गोटा | ५।०० |
| | हर्वेरियम ट्रिटमेन्ट | | |

| | | | |
|---|---|---|---|
| | **(च) गैह्र सरकारी संघ संस्थाको लागि**<br>स्पेसिज<br>जिनस<br>फेमिली<br>हर्वेरियम ट्रिटमेन्ट<br><br>**(छ) अर्न्तराष्ट्रिय गैह्र सरकारी संघ संस्थाको लागि**<br>स्पेसिज<br>जिनस<br>फेमिली<br>हर्वेरियम ट्रिटमेन्ट<br><br>**(छ) व्यक्ति, निजी संघ संस्थाको र व्यापारीका लागि (प्रति नमुना)** | <br>गोटा<br>गोटा<br>गोटा<br>गोटा<br><br><br><br>गोटा<br>गोटा<br>गोटा<br>गोटा | ६५।००<br>४५।००<br>२५।००<br>५।००<br><br><br><br>८०।००<br>५०।००<br>३०।००<br>१०।००<br><br><br>५००।०० |
| २ | **सभाकक्ष प्रयोग**<br>**अडिटोरियम**<br>**अन्य कक्ष** | <br>दिन<br>दिन | <br>७५०।००<br>३००।०० |
| ३ | **प्राविधिक सेवा शुल्क प्रयोगशाला सुविधा प्रयोग गरे वापत ।**<br>**माईकोलोजी,**<br>**साईटोलोजी,**<br>**एनाटोमी** | <br>प्रति दिन प्रति व्यक्ति<br>प्रति दिन प्रति व्यक्ति<br>प्रति नमूना/काठको संरचना तथा बिस्तृत अध्ययन | <br>५००।००<br>५००।००<br>२०००।०० |
| ४ | **हर्वेरियम, एनाटोमी, माईकोलोजी, ईकोनोमिक वोटानी (म्युजियम) आदि सम्वन्धि ब्रिफिङ्ग (प्रति पटक)**<br>**-१० कक्षा सम्मका विद्यार्थी**<br>**-स्नातक सम्मका विद्याथी**<br>**-स्नाकोत्तर सम्मका विद्याथी** | <br><br>प्रति ग्रुप १० जवान<br>प्रति ग्रुप १० जवान<br>प्रति ग्रुप १० जवान | <br><br>३००।००<br>५००।००<br>८००।०० |
| ५ | **म्युजियमको नमूनाको प्रत्यक्ष परिचय गराउने** | | १००।०० |

**गुनासो सुन्ने अधिकारी:** कार्यालय प्रमुख

## ५. निर्णय गर्ने प्रक्रिया र अधिकारी

दैनिक प्रशासनका चिठीपत्रहरुमा कार्यालय प्रमुखबाट सोझै तोक लगाइन्छ भने विषयवस्तुको गम्भीर्यता हेरी सम्बन्धित कर्मचारी वा बैठकबाट निर्णय गर्ने गरिन्छ।

## ६. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सेवाग्राहीले उल्लेखित सेवा प्राप्त गर्न नसकेमा वा कुनै सुझाव भएमा कार्यालय प्रमुख समक्ष लिखित वा मौखिक उजुरी गर्न सक्नेछन्। साथै उजुरी तथा सुझावको लागि कार्यालयमा सुझाव पेटिकाको व्यवस्था गरिएको छ ।

**७. प्रमुखको नाम र पद**

नाम: ज्वाला श्रेष्ठ

पद: वरिष्ठ अनुसन्धान अधिकृत

फोन नं: ०१-५१७४३४९

इमेल: meejwala@gmail.com

**८. सूचना अधिकारीको नाम र पद**

नाम: डा. तिर्थ राज पाण्डेय

पद: अनुसन्धान अधिकृत

फोन नं: ०१-५१७४२७७

इमेल: tirtharpandey@gmail.com

**९. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

- जडिबुटी एवं गैर काष्ठ वन पैदावार विकास नीति, २०६१
- जैविक सुरक्षा निर्देशिका, २०६२
- वनस्पति स्रोत अनुसन्धान कार्यविधि २०७०, (पहिलो संसोधन २०७३)
- संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय व्यापार नियमन तथा नियन्त्रण गर्न बनेको ऐन, २०७४
- जडिबुटी खेती प्रविधि कार्यविधि, २०७५
- जडिबुटी विकासका लागि अनुदान सम्बन्धी कार्यविधि, २०७५
- स्वदेशी शोभनीय वनस्पति अध्ययन अनुसन्धान कार्यविधि, २०७५
- स्व-स्थानीय तथा पर-स्थानीय वनस्पति संरक्षण कार्यविधि, २०७५
- सिलबन्दी सम्बन्धी कार्यविधि निर्देशिका, २०७५

## १०. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

**खर्च सम्बन्धी विवरण:**

| सि.न. | कार्यक्रमको नाम | वार्षिक बजेट (रु लाखमा) | | हालसम्मको प्रगति (रु लाखमा) | |
|---|---|---|---|---|---|
| | | पूँजीगत | चालु | पूँजीगत | चालु |
| १. | वनस्पति अनुसन्धान, संरक्षण तथा उद्यान विकास कार्यक्रम | १०१९ | २६.६३ | ३९.७२ | ५.०० |
| २. | वनस्पति विभाग | - | १८९ | - | ८९.०० |

**अन्य विवरणहरु:**

| सि.नं. | आवश्यक विवरण | दोस्रो त्रैमासिक प्रगति अवस्था | |
|---|---|---|---|
| १ | बेरुजु फछ्यौंट | जम्मा बेरुजु रकम | ८,८९,४८७/०६ |
| | | हालसम्म फछ्यौंट रकम | - |
| २ | राजश्व संकलन | यस त्रैमासिकको राजश्व संकलन | ७६,४८९/- |
| | | हालसम्मको राजश्व | १२३,०२२/- |
| ३ | सेवाग्राही संख्या | यस त्रैमासिकको सेवाग्राही संख्या | ८१२ जना |
| | | हालसम्मको सेवाग्राही संख्या | ९६३ जना |
| ४ | बाह्य आगन्तुक संख्या | यस त्रैमासिकको बाह्य आगन्तुक संख्या | २ जना |
| | | हाल सम्मको बाह्य आगन्तुक संख्या | ४ जना |
| | आन्तरिक आगन्तुक संख्या | यस त्रैमासिकको आन्तरिक आगन्तुक संख्या | - |
| | | हाल सम्मको आन्तरिक आगन्तुक संख्या | ८ जना |
| ५ | रोजगारी सृजना (श्रमदिन) | यस त्रैमासिकको रोजगारी सृजना | १९७ दिन |
| | | हालसम्मको रोजगारी सृजना | ३९७ दिन |
| ६ | बिरुवा वितरण संख्या | यस त्रैमासिकको बिरुवा वितरण (बिक्री) संख्या | - |
| | | हालसम्मको बिरुवा वितरण (बिक्री) संख्या | ४,१४२ वटा |

## ११. अघिल्लो आ.व.मा सञ्चालित कार्यक्रमहरु

आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम तथा खर्च सम्बन्धी विवरण:

| सि.न. | कार्यक्रमको नाम | वार्षिक बजेट (रु. लाखमा) | | खर्च (रु. लाखमा) | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | पूँजीगत | चालु | पूँजीगत | चालु | |
| १. | वनस्पति अनुसन्धान संरक्षण तथा उद्यान विकास कार्यक्रम | १०००.०० | ७३.९७ | ३५२.६५ | ५४.३० | |
| २. | वनस्पति विभाग | १.५ | १९०.०७ | १.२५ | १८२.०९ | |
| ३. | विविध (EbA II) | २२.४६५४१ | | २२.४६५४१ | | |

## १२. कार्यालयको वेभसाइट

Website: kath.gov.np
Plant database: plantdatabase.kath.gov.np
E-mail: info@kath.gov.np
Facebook page: https://www.facebook.com/kathherbarium (National Herbarium and Plant Laboratories, Nepal – KATH)

## १३. कार्यालयले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं सम्झौता सम्बन्धी ववववरण

नभएको

## १४. कार्यालयले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति विवरण

**कार्यक्रमको नाम: १) वनस्पति अनुसन्धान संरक्षण तथा उद्यान विकास कार्यक्रम**

### अ. पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु

| क. सं | क्रियाकलापको नाम | बार्षिक लक्ष्य | इकाई | दोस्रो त्रैमासिक प्रगति |
|---|---|---|---|---|
| १ | अत्याधुनिक हर्वेरियम भवन निर्माण | १ | संख्या | • निर्माण कार्य अघि बढिरहेको। |
| २ | म्यूजियम डिजाइन | १ | संख्या | • म्युजियम डिजाइन कार्यको लागि परामर्श सेवा लिन प्रस्ताव आव्हान गरी मूल्यांकन प्रक्रियामा रहेको । |

### आ. चालु कार्यक्रम

| क. सं | क्रियाकलापको नाम | बार्षिक लक्ष्य | इकाई | दोस्रो त्रैमासिक प्रगति |
|---|---|---|---|---|
| १ | | फ्लोरा लेखनका लागि विज्ञ परामर्श सेवा | २ | **फ्लोरा अफ नेपाल Volume 10**<br>• फ्लोरा अफ नेपाल Volume 10 मा पर्ने Hypoxidaceae, परिवारको Genus तथा Species हरुको Manuscript तयारी कार्य सम्पन्न भई Editor लाई पठाईएको।<br>• फ्लोरा अफ नेपाल Volume 10 मा पर्ने Families Asparagaceae, Costaceae, Marantaceae and Zingiberaceae को Genus तथा Species हरुको Manuscript तयारी कार्य भईरहेको। |

| | | | | |
|---|---|---|---|---|
| | | | | • Amaryllidaceae परिवारको ४ Genera र १७ प्रजातिहरुको Manuscript Online प्रकाशन गरिएको।<br>**फ्लोरा अफ नेपाल Volume 11**<br>• फ्लोरा अफ नेपाल Volume 11 Orchidaceae परिवारको Species हरुको नेपाली नाम तथा Orchidaceae को glossary तयारी गर्ने कार्य भईरहेको।<br>• फ्लोरा अफ नेपाल Volume 11 Orchidaceae परिवारको Bulbophyllum Genus को 49 species को Manuscript PADME Databasse मा Upload गर्ने कार्य सम्पन्न भएको।<br>• Orchidaceae परिवारको ५२ वटा Illustration Plate को Cleaning तथा Scaling गर्ने कार्य भईरहेको। |
| २ | **फ्लोरा अफ नेपाल कार्यक्रम कार्यान्वयन** | १ | संख्या | • फ्लोरा अफ नेपाल volume 10 र 11 प्रकाशनार्थ Editorial Centre (RBGE) तथा Editors समक्ष निरन्तर Correspondence भईरहेको। |
| ३ | **हर्वेरियम नमुनाहरुको पहिचान संरक्षण हाउजिङ्ग तथा व्यवस्थापन (वनस्पति)** | | | |
| | संरक्षण तथा व्यवस्थापन | १७० | **हजार** | • हर्वेरियममा संरक्षित नमुनाहरुको नियमित स्याहार संभार कार्य गरेको। |
| | Press तथा Dry | ५०० | **वटा** | • २७९ |
| | Labelling तथा Mounting | ३००० | **वटा** | • ९०६ |
| | Housing | ३००० | **वटा** | • १३९० |
| | Alcohol Treatment | २००० | **वटा** | • ९६४ |
| | Repair तथा मर्मत | २००० | **वटा** | • - |
| ४ | **हर्वेरियम नमुनाहरुको Digitization कार्य** | | **संख्या** | • ११९१ वटा हर्वेरियम नमूनाहरुको Digitization कार्य गरिएको।<br>• ११५ online हर्वेरियम नमुनाहरुको data cleaning भएको।<br>• मुस्ताङ्ग तथा ललितपुर जिल्लाबाट सङ्कलित विभिन्न ५२ हर्वेरियम नमुनाहरूको species level सम्म Identification तथा mounting भई digitization भइरहेको। |
| ५ | **फेनेरोग्याम्श क्रिप्टोग्याम्श जाइलेरियम साइटोलोजी ईकोलोजी प्लान्ट प्रोटेक्सन तथा डिजिटाइजेशन अध्ययन (८ शाखा)** | | | |

| | | | | |
|---|---|---|---|---|
| | **फिनेरोग्याम्स** | | | |
| | | सेवा प्रदान | **वटा** | • धादिङ जिल्लको स्थलगत अध्ययन भ्रमण २४ नमुना संकलन गरि Housing गरेको<br>• धादिङ जिल्ला त्रिपुरासुन्दरी गाउँपालिका वडा नं. १ सल्यानटार -१३ नमुना संकलन तथा पहिचान।<br>• काठमाडौं जिल्ला इचंगु नारायण -१ काठको नमुना संकलन तथा पहिचान।<br>• ३८६ वटा हर्वेरियम नमुना पहिचान (सेवा प्रदान) गरिएको।<br>• Faculty of Agriculture, Department of Agronomy, Rampur, Chitwan का १५ जना विद्यार्थीहरुलाई हर्वेरियम सम्बन्धी विशेष कक्षा संचालन गरेको।<br>• Capital College of Research Center, Kathmandu का ११० जना विद्यार्थीहरुलाई हर्वेरियम सम्बन्धी विशेष कक्षा संचालन गरेको। |
| | **क्रिप्टोग्याम्स (एल्गी, फन्जाइ, लाइकेन)** | | | • शाखाको नियमित कार्यहरु भईरहेको।<br>• लेउका नमूनाहरुको नियमित स्याहार संभार गर्ने कार्य भइरहेको<br>• Dhakal, S., Romanov, R.E. and Rai, S.K. (२०२५). **New and notable records of two species of Chara (Characeae) in Nepal**. Journal of Japanese Botany १००(५): ४५४-४५८. https://doi.org/१०.५१०३३/jjapbot.ID०३१८ प्रकाशन भइ *Chara braunii* var. *braunii* नेपालको लागि नयाँ लेउ थपिएको ।<br>• Dhakal, S., Bhatt, G.D and Basnet, R, 2025" **नेपालको सिमसारमा पाइने Hydrocharitaceae परिवारको वनस्पतिहरु** " नामक लेख The Gardens & Water Parks. Vol. 7 मा प्रकाशन भएको। |
| | **क्रिप्टोग्याम्स (ब्रायोफाईट/टेरिडोफाईट)** | | | • ब्रायोफाइटा अध्ययन अन्तर्गत *Rhodobryum giganteum* को ३ वटा नमुनाहरू संकलन भएको छ।<br>• टेरिडोफाइटा अध्ययन अन्तर्गत *Selaginella pallida* को ५ नमुनाहरू र *Asplenium yoshinagae* subsp. *indicum* को ३ नमुनाहरू संकलन भएको छ।<br>• ब्रायोफाइटा अध्ययन अन्तर्गत *Pellia endiviifolia* (Dicks) Nebel & D.Quant (family Pelliaceae) को ३ नमुना, *Porella platyphyla* (L.) Pfeiff. (Family Porellaceae) को ३ नमुना, *Plagiochasma pterospermum* C. Massal. (family Aytoniaceae) को ३ नमुना र *Plagiomnium rostratum* (Schrad.) T. J. Kop.(Family Maniaceae) को ४ नमुनाहरू गरी जम्मा १३ नमुनाहरू गोदावरी ललितपुरबाट संकलन गरी KATH herbarium मा थप गरिएको। जसमध्ये *Plagiomnium rostratum* KATH हर्वेरियमको लागि नयाँ हो।<br>• ब्रायोफाइटाका २ प्रजातिहरू (*Lunularia cruciata* (L.) Dumort. ex Lindb.र *Frullania dilatata* (L.) Dumort.) का ३ नमुनाहरू र |

| | | | | |
|---|---|---|---|---|
| | | | | टेरिडोफाइटाका २० प्रजातिका ४० नमुनाहरू पहिचान सहित KATH herbarium मा थप भएका छन्। |
| | **क्रिप्टोग्याम्स (माइकोलोजी)** | | | • च्याउका नमुनाहरुको नियमित स्याहार संहार।<br>• श्री डिभिजन वन कार्यालय, काठमाडौंबाट प्राप्त भएका नमुनाहरु *Morchella esculenta* (L.) Pers. Ophiocordyceps sinensis (Berk.) G.H.Sung, J.M. Sung, Hywel-Jones & Spatafora, *Ophiocordyceps multiaxialis* (M.Zang & kinjo) G. H. Sung, J. M. Sung, Hywel-Jones & Spatafora नमुनाहरुको पहिचान ।<br>• श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतबाट प्राप्त भएका नमुना *Morchella esculenta* (L.) Pers पहिचान। |
| | **जाईलेरियम** | | | • काठका नमुनाहरुको नियमित स्याहार संभार गरिएको।<br>• नागार्जुन नगरपालिका वडा नं 3 .स्थित इचंगुनारायण मन्दिर परिसरमा रहेकाको पुरानो रुख Rosaceae परिवारको *Stravaesia* sp. को नमुना पहिचान भएको।<br>• EG Infra Pvt. Ltd. भन्डारखालबाट र छाउनी कन्सट्रक्सनबाट २०८२/०८/०५ मा प्राप्त सालको नमुनाको पहिचान।<br>• श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत २०८२/०८/०८ मा प्राप्त भएका सेतकचिनी भनेर आएको Polygonatum sp. नमुनाको पहिचान।<br>• डिभिजन वन कार्यालय काठमाडौंबाट २०८२/०८/१२ मा प्राप्त वन लसुन भनेर आएको *Fritillaria cirrhosa* नमुनाको पहिचान।<br>• राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र, किर्तिपुर काठमाडौंबाट प्राप्त *Polygonatum* sp. र *Ficus religiosa* L. का नमुनाको पहिचान । |
| | **ईकोलोजी** | | | • ६२ वटा हर्वेरियम नमूनाहरु पहिचान गरी हर्वेरियममा व्यवस्थापन गरिएको।<br>• नेपालमा rare अवस्थामा रहेको सुनाखरी *Liparis campylostalis* Rchb.f २००८ सालमा डोटी जिल्लाबाट सङ्कलन र यस हर्बेरियममा Deposit भए पश्चात् सोही सुनाखरी २०२५ मा " Endemic and rare plants" को study क्रममा Central ecological region मनाङ जिल्लाबाट पहिलो पटक सङ्कलन गरी उपस्थिति यकिन गरिएको र सोको specimen identification and mount गरि हर्वेरियममा Deposit गरिएको।<br>• मुस्ताङ तथा ललितपुर जिल्लाको लेलेबाट संकलन गरिएका ४८ नमुनाहरु पहिचान गरि हर्वेरियमा व्यवस्थापन गरिएको । |
| | **प्लान्ट प्रोटेक्सन** | | | • ग्रीनहाउस तथा सेड हाउसमा राखिएका विरुवाहरुको नियमित स्याहार सम्भार गरिएको। |

**कार्यक्रमको नाम: २) वनस्पति विभाग**

**पूँजिगत खर्च अन्तर्गतका कार्यक्रमहरु**

कार्यक्रम नरहेको

## १५. कार्यालयमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर दिइएको विवरण

निवेदन नपरेको।

## १६. सूचना प्रकाशन

- प्रचार प्रसार सामग्रीहरु brochure, booklet, लगायतका सामग्री तथा सुचना website मार्फत प्रकाशन तथा वितरण गरिएको।
- कार्यालयका सम्पूर्ण सूचनाहरु Website मा समेत राख्ने गरिएको।

## १७. संगठन संरचना

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वनस्पति विभाग

अनुसूची १४.२.१.१

### राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशालाको संगठन संरचना

